# अपराध इ-बुलेटिन

वर्ष-२, अंक-७

साउन-असोज, २०७३

(त्रैमासिक)

## "वस्तुनिष्ठ अपराध अनुसन्धान, मानवअधिकारको सम्मान"

यस इ-बुलेटिनमा...

- अपराध अनुसन्धान विभागिय गतिविधि
- अपराध समाचार
- अपराध अनुसन्धान तालिम
- सामुदायिक प्रहरी गतिविधि
- अपराध विश्लेषण
- जनचेतना मूलक सन्देश

अपराध अनुसन्धान विभाग

प्रहरी प्रधान कार्यालय

©सर्वाधिकार सुरक्षित

## अपराध अनुसन्धान विभागिय गतिविधि

### महिला तथा बालबालिका सम्बन्धी बार्षीक समिक्षा तथा अभिमुखिकरण गोष्टि सम्पन्न

काठमाडौँ, ६ भाद्र

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान बिभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक बिज्ञान राज शर्माले प्रहरी प्रधान कार्यालय महिला तथा बालबालिका सेवा निर्देशनालय र एडीपीको संयुक्त आयोजनामा महिला तथा बालबालिका सम्बन्धी वार्षिक समिक्षा तथा अभिमुखीकरण दुई दिने गोष्ठीको सोमबार बुढानिलकण्ठ स्थित पार्क भिलेजमा आयोजित एक समारोहबीच उद्धाटन गर्नुभयो।

उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक शर्माले महिला तथा बालबालिका सम्बन्धी मुद्दा अन्तर्राष्ट्रियकरण हुँदै गएको सन्दर्भमा संगठनले लिएको नीतिलाई व्यवसायीकरण गर्नुपर्ने बताउनुभयो । साथै महिला प्रहरीलाई बिशेष जिम्मेवारी दिएर महिला तथा बालबालिका माथि हुने अपराधको समाधान गरी प्रहरी कार्यमा प्रभावकारीता ल्याउन सकिने बताउँदै उहाँले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी अपराध अनुसन्धानमा योगदान दिनुपर्ने समेत बताउनुभयो।

कार्यक्रममा प्रहरी नायब महानिरीक्षक रामकुमार खनालले गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नुहुदै महिला हिंसाका बिषयमा गोष्ठीमा छलफल गरी हिंसा न्यूनिकरणलाई जिल्ला तहसम्म पुर्‍याउने बताउनुभयो।

कार्यक्रममा प्रहरी नायब महानिरीक्षक कृष्ण प्रसाद गुरागाँई र प्रहरी उपरीक्षक फनिन्द्र बरालले महिला तथा बालबालिका मैत्री भवन निमार्ण तथा संरचनाको भूमिका सम्बन्धी तथा एडिपी कार्ययोजना संयोजक सुलोचना श्रेष्ठले महिला तथा बालबालिका सम्बन्धी कार्ययोजनाको पहुँच, अनुगमन तथा कार्यान्वयनको भूमिका बारे प्रस्तुतिकरण गर्नुभएको थियो भने विभिन्न जिल्लाबाट सहभागि महिला तथा बालबालिका सेलका प्रतिनिधिहरुले समेत अपराध तथा हिंसा न्युनिकरणका लागि गरिएका जनचेतनामूलक प्रस्तुतिकरण गरेका थिए।

कार्यक्रममा प्रहरी उपरीक्षक दुर्गा सिंहले स्वागत मन्तव्य तथा प्रहरी नायब उपरीक्षक दिलीप घिमिरेले धन्यबाद ज्ञापन गर्नुभएको थियो।

### पि.आ ई .यु शाखा

अ.अ. बिभागबाट बिभिन्न प्रहरी कर्मचारीहरुलाई २०७३ भाद्र १४ गतेदेखि २०७३ साउन ९ गते सम्म २९ दिने हुलिया चित्राकृति आधारभूत तलिम पहिलो समूह ( Portrait Sketch Basic Training ) सञ्चालन गराइएको।



**C4-CDR**

अ.अ. बिभागबाट बिभिन्न अञ्चलका प्रहरी कर्मचारीहरुलाई २०७३/०५/१६ गतेबाट २०७३/०५/२० गतेसम्म ५ दिने संजाल बिश्लेषण (I-2 system ) (दोश्रो समूह) अनुशिक्षण कार्यक्रम संचालन गराइएको ।



## विविध

## C4-CDR

मिति २०७१।०५।०२ गतेवाट C4-CDR शाखा बिधिवतरुपमा संचालन भई अपराध अनुसन्धानको सिलसिलामा अपत्यका बाहेकका ७२ जिल्लाहरुबाट माग भई आएको Operational Data (Call Details, SMS, User Details, Location, LIMEI, BTS) लगायतको विवरण उपलब्ध गराउदै आएको छ ।मिति २०७३ साउन देखि कार्तिक सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :

| सि.न. | महिना | पुर्व क्षेत्र | मध्य क्षेत्र | पश्चिम क्षेत्र | म.पश्चिम क्षेत्र | सु.प. क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | साउन | ९९० | १०९५ | ७९० | २२० | ३५६ | ३४५१ |
| २ | भदौ | ८६० | १४९८ | ९३५ | २४३ | २८८ | ३८२४ |
| ३ | कार्तिक | ८६० | १४९८ | ९३५ | २४३ | २८८ | ३८२४ |

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७२ साल कार्तिक देखि पौष महिना सम्म ९ महिला र ४३ पुरुषको पोलिग्राफ परिक्षण गरेको छ । जसमध्ये झुठ बोलेको संकेत २७, झुठ नबोलेको संकेत १६, राय दिन नसक्ने अवस्था ९ र स्वीकार गरेको ६ वटा घटना छन् । त्यसमध्ये चोरी सम्बन्धि ९, कर्तव्यज्यान सम्बन्धि २७, नक्कलीपरीक्षार्थि १, अपहरण सम्बन्धि १, वेपत्ता १, ज्यान मार्ने उधोग ३, जबरजस्ती करणी १, तस्करी मुद्दाका २ जनाको पोलिग्राफ गरीएको थियो ।

## खोजतलास एवमं समन्वय शाखा

देश भरि हराएका मानिसहरुको साउन देखी असोज माहिना सम्मको विवरण :-

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ३३८ | १०४७ | १८१ | २१५ | १७९१ |

हराएका मध्य फेला परेका मानिसहरुको बिबरण :-

| पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| ६३ | २५६ | ५६ | ७२ | ४४७ |

देशभर सनाखत हुन नसकेको साउन देखी असोज माहिना सम्मको पहिचान हुन नसकेका लाशहरुको विवरण :-

| पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|
| २९ | ५ | - | - | - | ३४ |

## पेण्डिङ मुद्दा अनुगमन शाखा

नेपालभर मुद्दा चलाउने प्रहरी कार्यालयहरुमा दर्ता भएका मुद्दाहरुको समयमै प्रभावकारी रुपमा अनुसन्धान गरी अपराधमा संलग्न अभियुक्तलाई सजाय तथा पिडितलाई न्याय दिलाई प्रहरी संगठनले अंगीकार गरेका अपराध अनुसन्धान तथा नियन्त्रण सम्वन्धी दायित्व सफलता पूर्वक वहन गरिने उद्देश्यले पेण्डिङ मुद्दाहरूको अनुसन्धान फछर्यौट सयमै हुनु जरूरी छ । तथापी हाल सो सम्वन्धमा अनुगमन गर्ने कार्यालय तथा मुद्दा अनुसन्धान गर्ने कार्यालयहरुबाट यस सम्वन्धमा प्रभावकारी भूमिका निर्वाह गर्नको लागी देशभरका मुद्दा दर्ता गर्ने कार्यालयहरुको पेण्डिङ मुद्दाहरूको अनुगमन (Pending case monitoring) गर्नको लागी मिति २०७३/०४/२५ गते प्रहरी प्रधान कार्यायल अपराध अनुसन्धान विभागमा पेण्डिङ मुद्दा अनुगमन शाखाको स्थापना भई देशभर मुद्दा दर्ता गर्ने १९८ कार्यालयहरुमा विभिन्न प्रकृतिका पेण्डिङ मुद्दाहरु अध्यावधिक ( Pending case Data update ) गर्ने क्रममा क्रमश: केन्द्रीय अनुसन्धान व्युरो महाराजगंजमा,लागु औषध नियन्त्रण व्युरो कोटेश्वर, अञ्चल प्रहरी कार्यालय १४ र महानगरीय प्रहरी परिसर ३ गरी १९ वटा कार्यालयहरूबाट मिति २०७३/०६/१५ गते सम्म विभिन्न प्रकृतिका पेण्डिङ मुद्दाहरूको मुद्दा दर्ता संख्या २४०२६ भएकोमा हाल उक्त मुद्दाहरूको अनुसन्धानमा तिव्रता दिई विभिन्न प्रकृतिका ३४० वटा मुद्दा फछर्यौट भएको छ । देश भरमा रहेका बिभिन्न शिर्षकका पेण्डिङ मुद्धाहरू मध्ये, निम्न शिर्षकका ५५ वटा जधन्य अपराध मुद्धाहरूको अनुसन्धान गरिएको ।

| सि.न | मुद्धा शिर्षक | सँख्या |
|---|---|---|
| १ | मानब बेच बिखन तथा ओसार पसार | ५ |
| २ | कर्तव्य ज्यान | ४७ |
| ३ | ज्यान सम्बन्धि | २ |
| ४ | सवारि ज्यान पछि कर्तव्य | १ |

# अपराध समाचार

## १. कर्तब्य ज्यान

रुकुम, ४ साउन

आफ्नै श्रीमती र सासुको हत्या गरेको अभियोगमा रुगा गाविस-४ बस्ने २६ बर्षीय जगतबहादुर खड्कालाई प्रहरीले पक्राउ गरेको छ ।खड्काले २६ बर्षीया श्रीमती नौमती खड्का र ४५ बर्षीया सासु ओती ओलीलाई आफ्नै घरको पिढी र आगनमा फलामको भुजुंगोले टाउकोमा प्रहार गर्दा दुवैजनाको घटनास्थलमै मृत्यु भएको बताइएको छ ।

काठमाडौं, १० साउन

हत्यामा संलग्न मुख्य अभियुक्त काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने रामेछाप खनियापानी गाविस-६ का विवेक, सम्राट योञ्जन, दानबहादुर लामा उपनामका ४२ बर्षीय दानबहादुर तमाङलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजले १५ बर्ष पछि काठमाडौं बौद्ध टाउनप्लानिङबाट साउन ७ गते पक्राउ गरेको छ ।

२०५८ बैशाख १८ गते भक्तपुर नगरपालिका-११ आदर्शनगरस्थित रोजा रेष्टुरेन्टमा भक्तपुर नगरपालिका-८ सुकुलढोका बस्ने ध्रुवगोपाल कर्माचार्य लगायतका ब्यक्तिहरु खाजा खाइरहेको समयमा तमाङ लगायत २०/२५ जनाको समूहले एक्कासी ध्रुवगोपाललाई चक्कु, खुकुरी, रड तथा लाठी प्रहार गरी घाइते बनाएकोमा उपचारको क्रममा सोही रात भक्तपुर जिल्ला अस्पतालमा मृत्यु भएको थियो । साथै उनीसँगै रहेका भक्तपुर नगरपालिका-८ बस्ने किरण धौवञ्जार गम्भीर घाइते भएका थिए । उक्त घटनामा संलग्न रही वारदात मितिदेखि नै फरार रहेका मुख्य अभियुक्त तामाङ नेपालका बिभिन्न स्थान तथा मलेसिया र भारतमा समेत बस्दै आएकोमा पछिल्लो समय बौद्धमा उक्त उपनाबाट परिचित भई थान्का व्यबसाय संचालन गर्दै आएको अवस्थामा ब्यूरोको टोलीले पक्राउ गरेको हो ।

तामाङ उपर कर्तब्यज्यान मुद्दामा जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरले सर्वस्व सहित जन्मकैदको मागदाबी लिई भक्तपुर जिल्ला अदालतमा मुद्दा पेश गरेकोमा अदालतबाट २०६४ बैशाख ९ गतेको आदेशले मुल्तबीमा राखिएकोमा उनलाई आइतबार अदालतमा पेश गरिएको ब्यूरोले जनाएको छ ।

मोरङ, ८ भदौ

पथरी शनिश्चरे नगरपालिका-१ बस्ने २० बर्षीय गोविन्द दर्नाल सोही नगरपालिका-८ स्थित श्रीजंगा धार्मिक बनको सिसौघारीमा धारिलो हतियार खुकुरी प्रहार गरी मृत्यु भएको अवस्थामा फेला परेका छन् । घटनास्थलबाट करीव ५० मिटरको दुरीमा खुकुरीको दाप फेला परेको छ ।

बाँके, १७ भाद्र

अपरिचित व्यक्तिले दिएको पेय पदार्थ खाँदा सल्यान घर भएका शितल रानाको मृत्यु भएको छ भने सल्यान काभ्रा-३ बस्ने ३० बर्षीय बिर बहादुर राना बेहोस भएका छन् । कोहलपुर नगरपालिका-६ स्थित गोल्छा भन्ने स्थानमा विहिबार शितल रानालाई मृत अवस्थामा र बिर बहादुर रानालाई बेहोश अवस्थामा फेला पारिएपछि प्रहरीले बेहोश बिर बहादुर रानालाई उपचारको लागि मेडिकल कलेज कोहलपुर पठाएकोमा होशमा आएका थिए । निजले बताएअनुसार दुवै जना भारतबाट रोजगारी गरेर घर फर्कने क्रममा नेपालगंजबाट कोहलपुरतर्फ जाँदै गर्दा आफुलाई कोहलपुरका हौं भनि बताउने अपरिचित ३

जना व्यक्तिले नाम नखुलेको होटेलमा लगी पेय पदार्थ (कोक) खुवाएको र सो पश्चात दुवै जना बेहोश भएको र दुवै जनाको साथमा रहेको नगद १२ हजार रुपैयाँ, मोबाईल थान २ र कपडा रहेको झोला समेत लुटपाट भएको बताएका थिए ।

चितवन, २३ असोज

भरतपुर उपमहानगरपालिका-१९ शिवनगर बस्ने ६० वर्षीय वसन्त सापकोटाको उनकै छोरा २८ वर्षीय विनोद सापकोटाले खुकुरी प्रहार गर्दा मृत्यु भएको छ । मादक पदार्थ सेवन गरेका बिनोदले सोही ठाउँस्थित एकता चोकमा खुकुरी प्रहार गर्दा गम्भीर घाइते भएका बसन्तको नयाँ मेडिकल कलेज भरतपुरमा उचारको क्रममा मृत्यु भएको थियो । तत्काल भागी फरार भएका बिनोदलाई खोजी गर्नेक्रममा प्रहरीले फेला पारी पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## २. जबरजस्ति करणी सम्बन्धि

बर्दिया, ५ साउन

६२ बर्षीया महिलालाई जवरजस्ती करणी गरेको अभियोगमा जमुनी-१ बस्ने ४१ बर्षीय धन बहादुर राना मगरलाई प्रहरीले पक्राउ गरेको छ । मगरले सोही ठाउँ बस्ने ६२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको भनी पीडित महिलाले इलाका प्रहरी कार्यालय मैनापोखरमा निबेदन दिएपछि खटिएको प्रहरीले राना मगरलाई पक्राउ गरेको हो ।

कपिलबस्तु, ८ साउन

बाणगंगा नगरपालिका-१२ गणेशपुर बस्ने २३ वर्षीया युवतीलाई जबरजस्ती करणी गर्न खोज्ने सोही ठाउँ बस्ने २० वर्षीय विनोद गन्दर्भलाई प्रहरीले पक्राउ गरेको छ । रातको समयमा ती युवतीको कोठाभित्र पसी बिनोदले जबरजस्ती **करणी** गर्न खोज्दा उनका काकाले देखी नियन्त्रणमा लिएपछि प्रहरी टोली खटी गई उनलाई पक्राउ गरेको हो ।

काठमाडौं, १३ साउन

जवरजस्ती करणी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-३ लाजिम्पाट स्थित एवान खाजा घरमा काम गर्ने दोलखा भिमेश्वर नगरपालिका-८ घर भएका २१ बर्षीय प्रविण श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । श्रेष्ठले एवान खाजा घरको दोस्रो तलामा डेरा गरी बस्ने तनहु जामुने-१ घर भएकी १७ बर्षीया महिलालाई जवरजस्ती करणी गरेको बताएको छ ।

झापा, १६ साउन

जवरजस्ती करणी गरेको अभियोगमा धरमपुर-८ बस्ने ४१ वर्षीय नेत्र चेमजोङलाई प्रहरीले पक्राउ गरेको छ । चेमजोङले बारा कलैया-१ घर भई धरमपुर-८ डेरा गरी बस्ने १७ वर्षीय महिलालाई कोठामा कोही नभएको अवस्थामा साउन ९ गते जबरजस्ती करणी गरेको बताइएको छ ।

बाँके, २९ साउन

कचनापुर-५ बस्ने २५ वर्षीया महिलालाई राति घरमा श्रीमान नभएको अवस्थामा जबरजस्ती करणी गरेको अभियोगमा सोही ठाउँ बस्ने १४ वर्षीय कमल थारु, १५ वर्षीय सुनिल थारु र १८ वर्षीय तिर्थमान थारुलाई प्रहरीले पक्राउ गरेको छ ।

सुनसरी, २५ भदौ

इटहरी उपमहानगरपालिका-२४ तरहरास्थित सेउती जंगलमा इटहरी उपमहानगरपालिका-८ बसपार्क डेरा गरी बस्ने १५ वर्षीया बालिकालाई डरत्रास देखाई जबरजस्ती करणी गरेको अभियोगमा सुनसरी धरान-२३ बस्ने २७ वर्षीय निर्मल बरुवाललाई प्रहरीले पक्राउ गरेको छ। धरानबाट सार्वजनिक गाडीमा इटहरीतर्फ जाने क्रममा उक्त जंगल छेउमा गाडी रोकी उदयपुर हडिया-६ का २७ वर्षीय तेजबहादुर कार्की र ती बालिका झरेकोमा उक्त स्थानमा लुकिछिपी बसेका आफुलाई प्रहरीको सई बताउने बरुवालले तेजबहादुरलाई कुटपिट गरी १५ हजार ६ सय रुपैयाँसमेत लुटपाट गरी बालिकालाई जंगलमा लगेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय इटहरीबाट खटीएको प्रहरीले बरुवाललाई नियन्त्रणमा लिएको हो।

काठमाडौं,१२ असोज

बालिकालाई जवरजस्ती करणी गरेको अभियोगमा काठमाडौ महानगरपालिका-३ बाँसबारी बस्ने खोटाङ घर भएका २६ वर्षीय नबिन भन्ने घनश्याम अर्यालले प्रहरीले पक्राउ गरेको छ। अर्यालले सिन्धुपाल्चोक स्याउले-८ घर भई बुढानिलकण्ठ नगरपालिका-५ पासीकोटस्थित खाली जग्गा भाडामा लिई छाप्रोमा परिवारसँग बस्दै आएकी ११ वर्षीया बालिकालाई पटक पटक जबरजस्ती करणी गरेको बताइएको छ। बालिकाको बुवासँग ज्यामी काम गर्दै आएका अर्याल बालिकालाई लिन विद्यालयमा गए पश्चात् शिक्षकहरुलाई शंका लागी बालिकासँग सोधपुछ गर्दा अर्यालले आफुलाई पटक पटक करणी गरेको भनी बताएकी थिइन्।

सर्लाही, १५ असोज

कर्मैया-८ बस्ने ५ महिनाको गर्भवती रहेकी २१ वर्षीया महिलालाई पसलबाट सामान किनी घर फर्कने क्रममा बाटो छेकी जबरजस्ती करणी उद्योग गरेको अभियोगमा सोही ठाउँ बस्ने ४० वर्षीय तिर्थमान सेङतानलाई प्रहरीले पक्राउ गरेको छ।

## ३. लागू औषध सम्बन्धि

सर्लाही, १ साउन

मलगंवा नगरपालिका-८ स्थित सडकमा भारतको सोनबर्साबाट मंलगवातर्फ आउँदै गरेको ना.३७ प ६८१५ नम्बरको स्कुटर चालक सर्लाही ढुङग्रेखोला-९ जिरायत बस्ने ३५ वर्षीया सन्जु लोप्चन बाइवालाई लुकाई ल्याएको अवैध लागूऔषध कोरेक्स १ सय एमएलको १५ बोतलसहित प्रहरीले पक्राउ गरेको छ।

यसैगरी सर्लाही बरहथवा नगरपालिका-१० बस्ने उपेन्द्र रायको किराना पसलबाट अवैध लागूऔषध गाँजा पुरिया बनाई बिक्री बितरण गरिरहेको अवस्थामा ३ सय ग्राम गाँजा, नेपाली रुपैयाँ ९ हजार ७ सय ४० र भारतीय रुपैया ६ सय ६५ सहित रायलाई प्रहरीले पक्राउ गरेको छ।

मोरङ, ४ साउन

डाँगीहाट-५ बस्ने २० वर्षीय प्रबेश गौतमलाई प्रहरीले नियन्त्रित लागू औषध ५० एम्पुल एभील, ५० एम्पुल डाईजेपाम, ५० एम्पुल लुपीजेसीक र १० एम्पुल फेनारगन सहित पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले विराटनगर-२१ स्थित भन्सार कार्यालयको १ नम्वर ढाटमा उनलाई चेक जाँच गर्दा कम्मरको भागमा लुकाई ल्याएको अवस्थामा उक्त नियन्त्रित लागू औषध बरामद भएको थियो।

कास्की, ६ साउन

मकवानपुर हेटौंडा उपमहानगरपालिका-१० बसपार्क वस्ने ३३ बर्षीय सुरेश शाहीलाई अवैध लागूऔषध ब्राउनसुगर ३५ ग्राम र नगद ९ हजार रुपैयाँसहित प्रहरीले पक्राउ गरेको छ।शाहीले भारतबाट लागूऔषध खरिद गरी पोखरा नगर क्षेत्रका विभिन्न स्थानहरुमा बिक्री बितरण, ओसार पसार, सेवन तथा सञ्चय गर्दछन भन्ने सूचना प्राप्त भएपछि लागू औषध नियन्त्रण

ब्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरीले पोखरा उपमहानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्कबाट उक्त परिमाणको ब्राउनसुगर र नगदसहित उनलाई पक्राउ गरेको हो ।

काठमाडौं, ६ साउन

बारा गढीमाई नगरपालिका-७ जितपुर बस्ने २१ वर्षीय सञ्जय कुमार साहलाई प्रहरीले लागू औषध ब्राउन सुगर ५ ग्रामसहित पक्राउ गरेको छ । हेटौडा उपमहानगरपालिका-१७ रातोमाटेस्थित सडकमा बिरगंजबाट पोखरातर्फ जाँदै गरेको ना.३ ख २४४९ नम्बरको बसलाई चेकजाँच गर्दा उनको साथबाट उक्त ब्राउन सुगर बरामद भएको थियो ।

काठमाडौं, ७ साउन

लागू औषध नियन्त्रण ब्यूरोले औषधी व्यवस्था बिभागको प्रतिनिधि समेतको उपस्थितिमा काठमाडौंका बिभिन्न स्थानहरुका औषधी पसलहरुको अनुगमन गर्दा काठमाडौं महानगरपालिका-३४ बासुकीमार्गस्थित रेस्नल मेडिकल स्टोरबाट गैह्र कानूनी रुपमा बिक्री बितरण गरेको लोराजेपाम ६० ट्याब्लेट, क्लोनोजेपाम ३३ ट्याब्लेट सहित औषधि पसल संचालक खोटाङ का काठमाडौं पुरानो बानेश्वर बस्ने ३४ वर्षीया लक्ष्मी राईलाई पक्राउ गरी लागू औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान तथा कार्वाही प्रक्रिया अगाडि बढाइएको छ ।

काठमाडौँ, १६ साउन

लागु औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले पर्सा बिरगंज आदर्शनगर बस्ने २८ बर्षीय मोहित हलानलाई २० के.जी १ सय २५ ग्राम अवैध सहायक रसायन Ephedrine/ Pseudoephedrine सहित बारा गडीमाई नगरपालिका-७ जितपुरस्थित Arya Pharmalab Pvt. Ltd बाट पक्राउ गरेको छ ।

मोहित हलानलाई प्रहरीले उनले चलाएको बा.७ च ४२३१ नम्बरको कारभित्र चालकको सिटभन्दा पछाडि सिटमा निलो रंगको झोलाभित्र राखिएको अबस्थामा २० के.जी १ सय २५ ग्राम सहायक रसायन (Precursor Chemical) सहित पक्राउ गरेको हो । उक्त बरामद गरिएको सहायक रसायन मध्ये २० के.जि पाउडर स्वरुपमा तथा १ सय २५ ग्राम ट्याब्लेट स्वरुपमा फेला परेको थियो ।

प्रारम्भिक सोधपुछ पश्चात निजलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान तथा कारवाहीको लागि बरामद गरीएको अवैध सहायक रसायन Ephedrine/ Pseudoephedrine सहित इलाका प्रहरी कार्यालय सिमरामा बुझाइएको छ ।

यसैगरी भारत रामगढवा रक्सौल घर भई हाल काठमाडौँ महानगरपालिका-३३ कमलपोखरी बस्ने Arya Pharma lab pvt ltd को कार्यालयमा कार्यरत ३५ बर्षीय दिलिप पण्डितलाई कमलपोखरीबाट प्रहरीले पक्राउ गरी अनुसन्धान तथा सोधपुछ गर्दा निजले ललितपुर उपमहानगरपालिका-६ पाटन औधोगिक क्षेत्रस्थित संघाई प्लाष्टिक ईण्डस्ट्रिज प्रा.लि.को गोदाम कोठामा औषधिजन्य पदार्थहरु राखेको छु भनि खुलाएकोले निजलाई समेत साथमा लिई उक्त ईण्डस्ट्रिजको गोदाममा खानतलासी गर्दा गोदामबाट ३९ वटा कागजको कार्टुनमा रहेको ९ सय ५२ वटा डिब्बा भित्र एकै आकारमा रहेको एकै प्रकारको सेतो ट्याव्लेट स्वरुपमा रहेको ४ सय ७१ किलो ८८ ग्राम औषधिजन्य कच्चा पदार्थ फेला परेको थियो ।

उक्त सेता ट्याबलेटहरु रहेको डिब्बाहरुको बाहिर कम्पनिको नाम, औषधिको नाम, उत्पादन मिति, ब्याच नं., एक्सपाईड हुने मिति, कम्पोजिसन, रिटेल मुल्य आदी केहीपनि नलेखिएको अबस्थामा संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लिको गोदाम कोठामा फेला पारिएको हो ।

निजले उक्त औषधिजन्य कच्चा पदार्थ Arya Pharmalab Pvt. Ltd  का संचालक पवन कुमार संघाईका सहोदर दाजु रतन लाल संघाईको निर्देशनमा उक्त गोदाममा लुकाएर राखेको अनुसन्धानबाट खुल्न आएको छ। निज रतन लाल संघाई तथा पवन कुमार संघाई उक्त प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि का संचालक हुन्।

प्रहरीले ६६ बर्षीय रतन लाल संघाईलाई कोटेश्वर मुनिभैरवबाट पक्राउ गरेको छ। बरामद गरिएको औषधिजन्य कच्चा पदार्थहरु संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि को गोदाममा लुकाई राख्नको लागि हाल पक्राउमा परेका दिलिप पण्डितलाई तथा प्लाष्टिक ईण्डष्ट्रिजका म्यानेजर हर्षित मिस्रलाई रतन लाल संघाईले राख्न निर्देशन दिएको अनुसन्धानबाट खुलेको छ।

पक्राउ परेका दिलिप पण्डितको बयानको आधारमा सिनामंगल बस्ने ४३ बर्षीय बद्री बनलाई सिनामंगलबाट तथा झापा मेची नगरपालिका-१० काँकडभिट्टा बस्ने ४६ बर्षीय श्याम तामाङ मोक्तानलाई कलंकीबाट प्रहरीले पक्राउ गरेको छ। निजहरु लामो समय देखि औषधिजन्य कच्चा पदार्थ तथा Ephedrine र Pseudoephedrine सहायक रसायन (precursor chemical) को अबैध ओसारपसारमा संलग्न रहदै आएको अनुसन्धानबाट खुल्न आएको छ।

सुनसरी, २२ साउन

धरान उपमहानगरपालिका-८ स्थित तिनकुने चोकमा बिराटनगरबाट धरान आएको ना.२ ख ९०२५ नम्बरको यात्रुबसमा चेकजाँच गर्दा मोरङ बिराटनगर-१८ बस्ने २३ वर्षीय महमद सलाउदीनले बोकेको झोलामा लुकाई राखेको अबैध लागूऔषध फेनारगन १ सय एम्पुल, डाइजेलाप १ सय ५० एम्पुल, लुपीजैसिक १ सय ५० एम्पुल, एभिल ५० एम्पुल, स्पास्मो प्रोक्सीभन १ सय ४४ क्याप्सुल र कोरेक्स ४ बोतल फेला परी उनलाई प्रहरीले पक्राउ गरेको छ।

मकवानपुर, २५ साउन

हेटौंडा उपमहानगरपालिका-१७ रातोमाटेमा चेकिङ गर्नेक्रममा बीरगंजबाट हेटौडातर्फ आउँदै गरेको ना.४ ख ६८७६ नम्बरको बसमा सवार सरिखेत-६ बस्ने ३० वर्षीय धनबहादुर तामाङ र सरिखेत-७ बस्ने ४१ वर्षीय सोमलाल वाईबालाई साथमा ल्याएको अवैध लागूऔषध अफिम ६ ग्राम सहित प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं, २६ साउन

लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरले ३ केजी ५४.५ ग्राम अवैध लागूऔषध कोकिनसहित २ जना विदेशी नागरिकलाई पक्राउ गरी सार्वजनिक गरेको छ। मलेसियन एअरको उडानद्वारा काठमाडौंबाट क्वालालम्पुर हुँदै थाईल्याण्ड जान लागेको अबस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट सुटकेसमा फल्स बटम बनाई लुकाई लैजान लागेको उक्त परिमाणको कोकिनसहित राहदानी नम्बर एए ७१०४११६ बाहक ३२ वर्षीया थाई महिला वारान्या क्युपिकुललाई ब्यूरोले पक्राउ गरेको हो।

साउन २१ गते आरए ४०२ मार्फत नेपाल आएकी वारान्या काठमाडौका बिभिन्न होटलमा बस्दै आएको, थाईल्याण्डमा बस्ने नाइजेरीयन मुलका नागरिक रेम्मेले उक्त कोकिनको कारोबार गरेबापत ७० हजार भाट दिने आश्वासन दिएको, सोही बमोजिम उनलाइ स्पेनिस बोल्ने एकजना बिदेशी महिलाले उक्त कोकिन दिएको प्रारम्भिक सोधपुछका क्रममा खुलेको थियो।

तत्काल स्पेनिस बोल्ने महिलाको खोजतलास गर्नेक्रममा राहदानी नम्बर ७७५५१५३ बाहक २९ वर्षीया बोलिभियन महिला रोज्जी गुड्डी टोलेडो भ्यालेजोशलाई ब्यूरोले नक्सालबाट पक्राउ गरेको, उनले नै वारान्यालाई उक्त कोकिन सहितको सुटकेश दिएको, रोज्जीलाई कोकिन सहितको सुटकेश बोलिभियाका नागरिक क्लाउडियो नेग्रोले बोलिभियामै दिएको र रोज्जीले ३ हजार डलर पाउने प्रलोभनमा उक्त कोकिन बोकेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

बरामद कोकिनको अन्तर्राष्ट्रिय अबैध बजार मुल्य अनुमानित ६ करोड १० लाख ८० हजार रहेको र पक्राउ परेका दुबैजनालाई लागू औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम थप अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ ।

पर्सा, १ भाद्र

पटेर्वा सुगौली गाविस-१ अकुवा टोल बस्ने ५० बर्षीय रामचन्द्र पासवानलाई प्रहरीले लागू औषध चरेश २० किलो, चरेशको धुलो २५ किलो, चरेश पेल्ने मेसिन ५ थान, ना.३७ प ६७०५ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको छ । पटेर्वा सुगौली गाविस-१ अकुवा टोल स्थित झुपडी घरमा लागू औषध चरेश रहेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको प्रहरी टोलीले उनलाई उक्त चरेश लगायतका सामान सहित पक्राउ गरेको थियो ।

झापा, ११ भदौ

मेची नगरपालिका-१० स्थित चेकजाँच गर्ने क्रममा नुवाकोट ओखरपौवा-४ बस्ने ३१ वर्षीय हरिनाथ कोइरालालाई लागूऔषध ब्राउनसुगर ४० ग्रामसहित फेला पारी लागू औषध नियन्त्रण ब्यूरो काँकडभिट्टाको प्रहरीले पक्राउ गरेको छ ।

मकवानपुर, २४ भदौ

पर्सा बैरियाबिर्ता-२ बस्ने १८ बर्षीय अभिजित यादवलाई प्रहरीले लागूऔषध खैरो हेरोइन १३ ग्रामसहित शुक्रबार पक्राउ गरेको छ । उनी सवार ना.३८ प.२७७२ नम्बरको मोटरसाइकलका चालक बीरगंज उपमहानगरपालिका-१४ बस्ने १८ बर्षीय इसरद हुसेनलाईसमेत प्रहरीले पक्राउ गरेको छ । हेटौंडा उपमहानगरपालिका-१७ रातोमाटे चेकपोष्टमा प्रहरीले उनीहरुलाई चेकजाँच गर्ने क्रममा यादवको साथबाट उक्त परिमाणको खैरो हेरोइन बरामद भएको थियो ।

## ४. बन्यजन्तु सम्बन्धि

दार्चुला, ६ भाद्र

शेरी गाविस-८ बस्ने ३५ बर्षीय उत्तर सिंह कोट्टारी र गुल्जर गाविस-९ बस्ने आइते भन्ने अम्मर सिंह ठगुन्नालाई प्रहरीले अंदाजी तीन तोलाको २ थान कस्तुरीको बिना सहित पक्राउ गरेको छ ।  कोट्टारीले विगत देखि अवैध बन्यजन्तुको चोरी शिकारी गर्ने गरेको सूचना प्राप्त भएपछि खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरी सोधपुछ गर्दा कस्तुरीको बिना ८७ हजार रुपैयाँमा ठगुन्नलाई बिक्री गरेको बताएपछि प्रहरी**ले** ठगुन्नाको घर तलासी गर्दा घरको कोठामा गहुँको बोरा भित्र लुकाई राखेको अवस्थामा उक्त कस्तुरीको बिना बरामद भएको थियो ।

## ५. ठगि सम्बन्धि

काभ्रे,  ३ साउन

डलर भनी कागजका बिट्टा दिई ठगी गर्ने सिन्धुपाल्चोक कर्थली-५ घर भएका २९ बर्षीय मानकाजि तामाङ् पुर्पक्षका लागि थुनामा परेका छन् । तामाङले बेदेशिक रोजगारीको क्रममा चिनजान भएका सुनसरी रामधुनी नगरपालिका-४ बस्ने २४ बर्षीय  दिपेन्द्र कुमार साहलाई १५ हजार युएस डलर नेपाली ५ लाख रुपैयाँमा सटही गरी लैजाँदा फाईदा हुन्छ भनि प्रलोभन देखाई गत धुलिखेल नगरपालिका-५ बेईजिङ्प्लान्टमा साहलाई बोलाई ५ लाख नेपाली रुपैयाँ लिई डलर आकारमा कटिङ्ग गरेको कागजको टुक्राको कटिङ् गरेको तल र माथी डलर राखी रुमालमा पोको पारिएको कागजको बिट्टा दिई झुक्याई ठगी गरेका थिए ।

काठमाडौं, ३ साउन

नेपाल आयल निगममा जागिर लगाई दिने भनी नक्कली नियुक्तिपत्र समेत दिई ठगी गर्ने २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सप्तरी राजविराज नगरपालिका-६ घर भई रौतहट चन्द्रनिगाहापुर बस्ने २५ बर्षीय दिपक ठाकुर र रौतहट चन्द्रनिगाहपुर बस्ने ३१ बर्षीय दिपेन्द्र साह कानु रहेका छन्।

ठाकुरले आफ्नो साथी सुरज अधिकारीसँग मेरो थानकोट डिपोमा जागिर भयो मासिक तलव २७ हजार रुपैयाँ  छ भनी नियुक्तिपत्र देखाई तिम्रा मान्छे कोही भए जागिर लगाइदिन्छु ५ लाख लाग्छ भनी बताएको र आफ्नो पनि फर्म नै नभरी नियुक्ति भएको हो फर्म भर्न पर्दैन भनी आश्वस्त तुल्याएपछि अधिकारीले आफ्नो दिदी श्रृजना अधिकारीलाई जागिर लगाइदिन भनेका थिए।

जागिर लगाए बापत ५ लाख चाहिन्छ भनी पटक पटक गरी २ लाख ५६ हजार रुपैयाँ दिपेन्द्र साह कानुको खातामा राख्न लगाएका थिए। उनीहरुले नियुक्ति पत्रको फोटोकपी उपलब्ध गराए पश्चात आयल निगममा गई पीडितले बुझ्दा नक्कली भएको थाहा पाएपछि महानगरीय अपराध महाशाखामा निवेदन दिएका थिए। ठगी कार्यमा संलग्न कानु र ठाकुरको बारम्बार लोकेशन रौतहट चन्द्रनिगाहापुरमा देखिएकोले महाशाखाको पहलमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहापुरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको थियो।

काठमाडौं, ४ साउन

पैसा भनी कागजका टुक्रा दिई ठगी गर्ने फरार अभियुक्त काठमाडौं महानगरपालिका-२ लाजिम्पाट बस्ने धादिङ त्रिपुरेश्वर गाविस-१ का ३७ वर्षीय बलराम श्रेष्ठलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजले काठमाडौं गोंगबुबाट पक्राउ गरेको छ।

गोमा लामाको जाहेरीमा बलराम श्रेष्ठसमेत भएको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको २०६० माघ २२ को फैसलाले श्रेष्ठलाई ६ महिना कैद तथा २ लाख रुपैयाँ जरिवाना हुने ठहर भएको र उक्त कैद तथा जरीवाना वेरुजु रही उनी फरार भएका थिए।

श्रेष्ठले लामालाई पैसा कमाउन विदेश जानु पर्दैन, म १ लाखको २ लाख फिर्ता दिन्छु तिमीसँग भएको रकम मलाई देउ भनी आर्थिक प्रलोभनमा पारी २ लाख रुपैयाँ लिई सो बापतको रकम २०६० साउन २६ गते फिर्ता गर्ने क्रममा १ हजार रुपैयाँको ४ वटा नोट राखी ४ वटा गड्डी बनाई त्यसभित्र नोटसँग मिल्ने साईजका कागजका टुक्रा राखी लामालाई दिई फरार रहेकोमा सोही दिन काठमाडौं नागढुङ्गाबाट प्रहरीले पक्राउ गरी ठगी मुद्धामा अदालतबाट उक्त फैसला भएको थियो।

श्रेष्ठलाई फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा अदालतको आदेशले कैद भुक्तानको लागि केन्द्रीय कारागार कार्यालय सुन्धारा पठाइएको छ।

काठमाडौं, ६ साउन

फेसबुकबाट सम्पर्क बढाई अमेरिका, क्यानडा पठाउँछु भनी रकम लिई ठगी गर्ने भक्तपुर च्याम्हासिंह बस्ने सिन्धुपाल्चोक माङखा गाविस-७ घर भएका ३३ वर्षीय जेभि भन्ने तुलबहादुर तामाङलाई महानगरीय अपराध महाशाखाले पक्राउ गरेको छ।

तामाङले जे.भि. नाममा फेसबुक आइडी खोली विभिन्न व्यक्तिहरूलाई फ्राइन्ड रिक्वेस्टमार्फत सम्पर्क बढाई आफु अमेरीकाको पिआर प्राप्त व्यक्ति भएको, आफ्नो आमा क्यानडाको डाक्टर भएको भनी विभिन्न व्यक्तिहरूलाई प्रलोभन देखाई ठगी गरिरहेको सूचनाको आधारमा खटिएको महाशाखाको विशेष टोलीले तामाङलाई भक्तपुर च्याम्हासिंहबाट पक्राउ गरेको हो।

तामाङले फेसबुक मार्फत साथी बनाई लेवनानमा रोजगारीमा रहेकी श्रृजना दोङ्गसँग नेपाल आएको समयमा भेट गरी अमेरीका लैजाने भनी ९ लाख रुपैयाँ, श्रृजनाका भाई संजय दोङ्ग र मिम लामालाई क्यानडा पठाउने भनी १३ लाख रुपैयाँ तथा साइप्रसमा रोजगारीमा रहेकी कुसुम लामालाई क्यानडामा आफ्नो आमा डाक्टर रहेकोले क्यानडा सँगै जाऔं भनी नेपाल बोलाई९ लाख रुपैयाँ लिई ठगी गरेको खुल्न आएको छ।

काठमाडौं, १२ साउन

अष्ट्रेलियामा रोजगारीको लागि पठाइदिने भनि रकम ठगी गर्ने काठमाडौं बालाजु बस्ने नुवाकोट काउली गाबिस-१ का युरो फाउण्डेशन कन्सल्टेन्सीका संचालक २८ वर्षीय बिनोद अधिकारीलाई महानगरीय अपराध महाशाखाको प्रहरीले पक्राउ गरेको छ।

नुवाकोट काउली गाबिस-१ का रामजी अधिकारी, बिनोद अधिकारी र तेह्रथुम सुडाप-४ का आङखेवा लिम्बुले म्याग्दीका बिष्णु मल्लसमेतलाई अष्ट्रेलिया पठाई रोजगारीसमेत लगाइदिने भनी ५ लाख ८० हजार रुपैयाँ लिएकोमा रोजगारीमा नपठाई सम्पर्क बिहिन भएपश्चात पीडित**ले** महाशाखामा निवेदन दिएपछि गैह्रकानुनी तवरले रकम लिई ठगी गरेका बिनोदलाई प्रहरीले काठमाडौं बालाजुबाट पक्राउ गरेको हो।

कन्सलटेन्सीले गैह्रकानुनी रुपले मानिस अष्ट्रेलियामा पठाई कार्गोमा लोडअनलोडको जागिर लगाइदिने भनि पठाउने गरेको, मोहन कार्कीबाट ४ लाख, कृष्णा लामिछानेबाट ५ लाख, राजन गौतमबाट ३ लाख, दिपक पन्तबाट १ लाख ५० हजार तथा राजन महर्जन, घनश्याम सापकोटा समेतबाट रकम लिई प्रतिव्यक्ति ८ लाख लाग्ने भनी रकम लिएको देखिएको, संचालकमध्ये रामजी दुवई तथा आङखेवा मलेशियामा र बिनोदले कन्सलटेन्सीमा काम गरी रकम लिने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

काठमाडौं, १२ साउन

ठगी मुद्दाका फरार अभियुक्त ललितपुर इमाडोल गाविस-९ बस्ने ५४ बर्षीय राजनकुमार के.सी.लाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजले ललितपुर इमाडोलबाट पक्राउ गरेको छ। के.सी.समेत भएको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको २०७२ माघ ३ गतेको फैसलाले के.सी.लाई ६ महिना कैद र १२ लाख रुपैयाँ जरिवाना हुने भएको र उक्त कैद तथा जरीवाना वेरुजु भई उनी फरार रहेका थिए।

प्रतिवादी के.सी.समेतले अनिता बुढाथोकीलाई काठमाडौं महानगरपालिका-३५ कोटेश्वरस्थित कित्ता नम्बर १९४ रहेको ३ रोपनी क्षेत्रफल जग्गाको प्रतिआना १५ लाख रुपैयाँका दरले खरिद गर्न बैना गरेका छौं, सबै रकम जुटाउन नसकिने भएकोले तपाई पनि लगानी गर्नुहोस भनी बैना गरेको नक्कली कागजातहरु देखाई २०७१ कात्तिक १९ मा अनिताबाट १२ लाख रुपैयाँ लिएको र पछि उक्त रकम फिर्ता माग्दा खातामा रकम नभएको १५ लाख रुपैयाँको बैंक चेक दिएर फरार भएको रकम ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतले के.सी.लाई उक्त सजाय गरेको थियो।

काठमाडौँ, १६ साउन

कागजको टुक्रालाई पैसा जस्तो बनाई भारतीय रुपैया छ साटेर ल्याउ भनी १० हजार रुपैया ठगी गर्दै गरेको अवस्थामा रुपन्देही बुटवल एमलाल-७ घर भई हाल कलंकी बस्ने ३१ बर्षीय सोखे कुमाललाई प्रहरीले पक्राउ गरेको छ।

कुमालले नवलपरासी गैंडाकोट नगरपालिका-११ घर हुने २० बर्षीय नविन महतलाई काठमाडौँ महानगरपालिका-१४ कलंकी शहिद मेमोरीयल अस्पताल पछाडि रुमाल भित्र कागजको टुक्रालाई पैसा जस्तो बनाई मसंग १ लाख ५० हजार भारतीय रुपैया छ यो साटेर ल्याउ अहिले १० हजार लेउ भनि ठग्दै गरेको अवस्थामा प्रहरीले फेला पारेको थियो।

सिन्धुली, २० साउन

मुस्ताङ लेते-६ बस्ने ३२ बर्षीय कृष्ण मोहन नेपाली र कास्की पुरनचौर-२ बस्ने ३५ बर्षीया निर्जला परियारको डलर साट्ने बाहनामा दुई जना अपरिचित व्यक्तिहरुले २० लाख रुपैयाँ ठगी गरी फरार भएका छन् । कमलामाई नगरपालिका-६ स्थित नाम,थर,वतन नखुलेका दुई जना अपरिचित व्यक्तिले पटक पटक ९८४४६२५८७९ नम्बरको मोवाइलबाट सम्पर्क गरी हामीसंग ३० हजार अमेरिकी डलर छ नेपाली २० लाख दिएमा साट्छु भनी विश्वासमा परी उनीहरुलाई पोखराबाट सिन्धुली बोलाई नोट साईजको कागजको बण्डल भएको पोलिथिङको झोला दिई २० लाख रुपैयाँ र उनीसंग भएको मोवाइल समेत लिएर भागेको बताइएको छ ।

काठमाडौं, २१ साउन

अष्ट्रेलिया ऋजमा जागिर लगाइदिने भनी अनलाईन बिज्ञापन गरी ठगी गर्ने फरार प्रतिवादी ललितपुर उपमहानगरपालिका-१४ नख्खीपोट बस्ने २८ वर्षीय राजन गुरुङ्गलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजले ललितपुर नख्खीपोटबाट पक्राउ गरेको छ ।

वैदेशिक रोजगार कसूर सम्बन्धी ४ वटा मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणको २०७२ माघ ६ गतेको फैसलाले गुरुङ्गलाई कुल ६ बर्ष ९ महिना कैद र ६ लाख ७५ हजार रुपैयाँ जरीवाना भएकोमा कैद तथा जरिवाना वेरुजु रही फरार रहेका थिए ।

गुरुङ्ग समेतका व्यक्तिहरुले वैदेशिक रोजगार संचालन गर्ने ईजाजत बिना नै इन्टेल हब एजुकेशन फाउण्डेसन नामक संस्थाबाट हाम्रोबजार डट कम वेवसाइटमा बिज्ञापन गरी म्याग्दी बरजङ्ग गाबिस-९ बस्ने तेजबहादुर कार्कीसमेत १० जनालाई २०७० साल असोजमा अष्ट्रेलिया जाने पानीजहाजमा सिपम्यानको काम लगाइदिन्छु भनी नक्कली भिसा लेटर सहितका कागजपत्रहरु तयार गरी भारतको बैङ्गलोर र फिलिपिन्समा तालिम लिनुपर्छ भन्दै बैङ्गलोर र फिलिपिन्स पुऱ्याई पीडितहरुसँग ७६ लाख ६८ हजार ९ सय ९७ रुपैयाँ संकलन गरी सम्पर्क बिहिन भएपछि अलपत्र परेका पीडितहरु आफ्नै खर्चमा नेपाल फर्की न्यायाधिकरणमा जाहेरी दिएका थिए ।

प्रतिबादी गुरुङ्गलाई फैसला कार्यान्वयनको लागि ललितपुर जिल्ला अदालतमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय नख्खु ललितपुर पठाइएको छ ।

## ६. बिदेशी मुद्रा सम्बन्धि

काठमाडौं, २९ साउन

काठमाडौं महानगरपालिका-९ स्थित त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट अवैध रुपमा लैजान लागेको ३५ हजार अमेरिकी डलर र ७ हजार ३ सय ५० युरोसहित राहदानी नम्बर ०५२७१६८९५ बाहक रोमानियाका नागरिक ३४ वर्षीय एन्ड्री गुम्टीट्रअलाई प्रहरीले पक्राउ गरेको छ । उडान नम्बर क्यूआर ६५३ बाट दोहा हुँदै रोमानियाको रोमानिना बुचराष्ट जान लागेको अवस्थामा हेण्ड ब्याग चेकिङ एरियाबाट कालो ह्याहण्ड ब्यागमा लुकाई छिपाई लैजान लागेको उक्त विदेशी मुद्रासहित उनलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

## ७. चोरी सम्बन्धि

काठमाडौं, ४ साउन

काठमाडौं महानगरपालिका-२९ ठमेलस्थित नुवाकोट चतुराली-१ घर भएका अच्युतप्रसाद थपलियाको लर्ड बुद्ध सिङगिङ बल सेन्टर पसलबाट करीव १२ लाख रुपैयाँ मुल्य पर्ने सिङगिङ बल ५ सय किलो चोरी भएको छ । पसल बन्द गरी खोल्दा साँचो नमिलेपछि अर्को ढोकाबाट भित्र प्रवेश गरी हेर्दा उक्त सामान अपरिचित व्यक्तिहरुले चोरी गरी लगेको पाइएको बताइएको छ ।

सर्लाही, १० साउन

सिरहा मिर्चैयामा डाँका गरी फरार भएका सोही ठाउँ बस्ने ४५ वर्षीय शत्रुधन पासवानलाई प्रहरीले नेत्रगंज-१ पुनर्बासबाट पक्राउ गरेको छ । पासवानलाई पक्राउ गरी ल्याउने क्रममा स्थानीयबासीहरुले प्रहरी टोलीमाथि ढुंगामुढा गरेपछि प्रहरीले आत्मारक्षाको लागि हवाई फायर समेत गरेको थियो । ढुंगा प्रहारबाट इलाका प्रहरी कार्यालय लालबन्दीको ना.१ भ १२९८ नम्वरको गाडी र २ वटा मोटरसाइकलमा समेत क्षति भएको थियो ।

काठमाडौं, १८ साउन

डाँका मुद्धाको अनुसन्धानको क्रममा फरार रहेका काभ्रे ठुलोपर्सेल-३ घर भई काल काठमाडौं महानगरपालिका-१६ नयाँबजार बस्ने ३५ बर्षीय सत्यमान लामालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय काभ्रेमा डाँका मुद्धाको अनुसन्धानको क्रममा फरार रहेका लामालाई महानगरीय प्रहरी बृत्त लैनचौरबाट खटिएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका-१६ कालधाराचोकबाट पक्राउ गरेको थियो ।

ललितपुर , ५ भाद्र

गत साउन १० गते राति ललितपुर उपमहानगरपालिका-१२ नौदोवहाल स्थित रहेको बुद्ध मन्दिरको वाहिरी पट्टीको कच्ची गाऱ्होमा प्वाल पारी भित्र गई ढोकाहरुमा लगाएको ताल्चाहरु काटी मन्दिर भित्र रहेको करिब ४ सय वर्ष पुरानो सुनको जलप लगाएको प्राचिन मुर्तिहरु र सो को गहनाहरु समेत चोरी गर्ने मध्येका ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा रामेछाप गाउँसरा-४ घर भई ललितपुर ईमाडोल वस्ने ५३ बर्षीय मान बहादुर मगर, काभ्रे भिमखोरी- ३ घर**भई** काभ्रे वनेपा बस्ने ३६ बर्षीय गणेश बहादुर श्रेष्ठ र दोलखा लाकुरीडाँडा-४ घर भई काभ्रे वनेपा बस्ने ४६ बर्षीय वासुदेव के.सी.भन्ने मिन बहादुर खत्री रहेका छन् ।

प्रहरीले उनीहरुलाई पक्राउ गरी अनुसन्धान भईरहेकोमा ललितपुर उपमहानगरपालिका-१२ स्थित चोरी भएको स्थान नजिकै सडक बाटोमा कालो झोलामा छाडिएको अवस्थामा मुर्तीहरु र सोको गहनाहरु समेत फेला परेको थियो ।

सुनसरी, १९ भाद्र

मोटरसाइकल लुटपाट गर्ने कार्यमा संलग्न चारजनालाई इलाका प्रहरी कार्यालय पकली सुनसरीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बक्लौरी गाविस-१ बस्ने १९ बर्षीय सन्दिप तामाङ्ग, १७ बर्षीय दिपेश तामाङ्ग ,१७ बर्षीय सरोज खवास र १७ बर्षीय उज्वल चौधरी रहेका छन् ।

बक्लौरी गाविस- १ बस्ने बेचन भन्ने बरीलाल चौधरीको घरबाट भाद्र १७ गते उनीहरु सहितका ५ जनाको समुहमा आएका व्यक्तिहरुले को.९प.२४२१ नम्बरको पल्सर मोटरसाइकल र सोही राति सरोज ठाकुरको घरबाट ग.२ प.५७३२ नम्बरको मोटरसाइकल लुटी लगेका थिए । प्रहरीले उनीहरुलाई राति लुटेको ग.२ प.५७३२ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको थियो भने लुटेको को.९प.२४२१ नम्बरको मोटरसाइकल उज्वल चौधरीको घरमा लुकाई राखेको अवस्थामा बरामद गरेको थियो ।

## ८. बैंकिङ कसुर सम्बन्धि

काठमाडौं, ६ भाद्र

विदेशीको क्रेडिट कार्ड डिटेल चोरी अनलाइन सपिङ गर्ने बागलुङ गलकोट-९ घर भई हाल काठमाडौं महानगरपालिका-१६ बालाजु स्थित बागलुङ प्याराडाईज होटल एण्ड रेष्टुरेण्टमा गेष्टको रुपमा बस्ने ३२ बर्षीय तेजिन्द्र के.सी. लाई प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ ।

गत जेठदेखि पटक पटक गरी हिमालयन बैंक लि.बाट अनलाईन पेमेण्ट सुविधा लिएको न्यूरोटिक नेपाल प्रा.लि. न्यूरोड तथा जावलाखेल शाखाबाट जापानी नागरिकको नाममा जारी भएको क्रेडिट कार्डको नम्बर प्रविष्ट गरी सामसुङ, हुवावे र लेनोभो ब्राण्डका महंगा मोवाईलहरु अनलाईन खरिद गरी ठगी गरेका के.सी.लाई भाद्र १ गते प्रहरीले काठमाडौं महानगरपालिका-१० बुद्धनगरबाट पक्राउ गरेको हो ।

के.सी.लाई जापानमा बस्ने नेपाली साथीले जापानी नागरिकको क्रेडिट कार्डको क्रेडिट नम्वर लगायतका डिटेलहरु भाइवर मार्फत पठाएका थिए । सोहि क्रेडिट डिटेलको प्रयोग गरी अनलाईन पेमेण्ट गरी विभिन्न ब्राण्डको मोबाईल खरिद गर्ने गरेको तथा उक्त खरिद गरिएको मोबाईलहरु आफूले सापट लिएका व्यक्तिहरुलाई न्यूरोटिक नेपाल प्रा.लि.न्यूरोड शाखामा लिन पठाई सापटी तिर्ने गरेको र मोबाईललाई केही मुल्य घटाई पुन : बिक्री गरी ठगी गरेको अनुसन्धानबाट खुल्न आएको छ ।

के.सी.ले जापान पठाइदिन्छु भनेर तथा विभिन्न प्रलोभनमा विभिन्न व्यक्तिहरुबाट रकम लिई ठगी गरेको भन्ने समेत बुझिएकाले निजबाट कोही ठगिएर पीडित भएको भए ब्यूरोमा सम्पर्क गर्न समेत केन्द्रीय अनुसन्धान व्यूरोले अनुरोध गरेको छ ।

## ९. लुटपाट सम्बन्धि

रामेछाप, १ साउन

दिमिपोखरी-२ बाट मानपुर गाल्पा चोप्राङ मन्थली हुँदै काठमाडौं जोड्ने सडकमा काम गर्ने कामदारहरुलाई आरआरएन संस्थाले बितरण गर्न मन्थलीबाट पठाएको १० लाख रुपैयाँ लुटपाट गर्ने मध्येका मकवानपुर राईगाउँ-६ बस्ने २८ वर्षीय अम्मर थापा मगरलाई उक्त नगदसहित प्रहरीले पक्राउ गरेको छ । उक्त नगद लुटिएको खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई सिख्ताबाट पक्राउ गरेको हो । लुटपाटमा संलग्न मकवानपुर राईगाउँ-६ बस्ने २३ वर्षीय सन्त मगर र रामेछापकै करीव २८ वर्षीय कुमार श्रेष्ठ फरार रहेकोले खोजी कार्य भइरहेको छ ।

काठमाडौं, ५ साउन

लुटपाट गरेको अभियोगमा बौद्ध तिनचुले बस्ने सोलुखुम्बु बेनी-८ घर भएका २६ वर्षीय छिरिङ शेर्पा र ओखलढुङ्गा जन्तरपानी घर भएका २१ वर्षीय नुरी शेर्पालाई प्रहरीले पक्राउ गरेको छ । बा.५२ प ७९४५ नम्बरको मोटरसाइकलमा आएका उनीहरुले बौद्ध रामहिटीमा सोलुखुम्वु तातोपानी घर भई हाल बौद्ध रामहिटी बस्ने ३४ वर्षीय फुर्वा शेर्पाको नगद १ लाख रुपैयाँ लुटपाट गरेका थिए ।

कपिलबस्तु, ५ साउन

रा.३ प ५४५१ नम्बरको मोटरसाइकलमा सवार प्युठान खैरा-५ बस्ने ३५ वर्षीय शुसिलकुमार बुढाथोकी, उनको १० वर्षीय छोरा प्रिन्स बुढाथोकी र भारत घर भएका २५ वर्षीय ईन्तियाज शेखको नगद १ लाख २६ हजार रुपैयाँ लुटपाट भएको छ । बाणगंगा नगरपालिका-२ कोठिपुलस्थित महेन्द्र राजमार्गमा पानी पिउन र शौचलय गर्नको लागि मोटरसाइकल रोकी राखेको

अवस्थामा नम्बर खुल्न नसकेको मोटरसाइकलमा आएका २ जना अपरिचित व्यक्तिहरुले पेस्तोल देखाई धाक धम्की दिई उक्त नगद लुटपाट गरेको बताइएको छ ।

काठमाण्डौं, २७ साउन

नगद लुटपाट गरी भाग्दै गरेका जोरपाटी बस्ने भारत बिहार घर भएका २० वर्षीय धमबिर बालालाई प्रहरीले पक्राउ गरेको छ । बालाले गोकर्णेश्वर नगरपालिका-१२ जोरपाटी बेशिगाउँ बस्ने ५६ वर्षीय लोकनाथ फुँयालले कृषि विकास बैंक जोरपाटीबाट नगद ३ लाख २८ हजार रुपैयाँ निकाली झोलामा राखेर पैदल घरतर्फ जाँदै गरेको अवस्थामा झोला खोसेर भागेका थिए । महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले उनलाई गोकर्णेश्वर नगरपालिका-१२ जोरपाटीबाट भाग्दै गरेको अवस्थामा उक्त नगद सहित पक्राउ गरेको हो ।

## १०. हातहतियार

कैलाली, ७ साउन

अत्तरिया नगरपालिका-६ जमुनाभाडी बस्ने ताराप्रसाद भट्टको घर नजिकै ३ राउण्ड र सोही ठाउँ बस्ने चन्द्रकान्त भट्टको निर्माणाधिन घर नजिकै ३ राउण्ड गरी एसएलआरको ६ राउण्ड गोली प्रहरीले फेला पारी बरामद गरेको छ ।

धनुषा, २३ साउन

जनकपुर एरियामा अप्रिय घटना घटनाउने योजना बनाउदै गरेका ६ जनालाई प्रहरीले २ थान कटुवा पेस्तोल, खुकुरी, मास्टर रिन्च, हथौडी र विभिन्न साईजका फलामका रडहरू तथा ज.८ प ९६४७ नम्बरको मोटरसाइकल सहित पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा जनकपुर उपमाहानगरपालिका-२६ बस्ने गोपालपुर-४ घर भएका १८ वर्षीय सन्तोष कुमार यादब, गोपालपुर-२ घर भएका १८ बर्षीय चन्द्रेश्वर यादव, मनसिङपट्टी-४ घर भएका १९ बर्षीय रोशन महरा, भमरपुरा-३ बस्ने १८ बर्षीय एसाहानुल राईन, पौडेश्वर-८ झिटकैया बस्ने १८ बर्षीय महोमद सुक्रदिन राईन र १८ बर्षीय मुवारक राईन रहेका छन् ।

सोही उपमहानगरपालिका-९ स्थित गंगा प्रसाद साहको घरमा डेरा गरी बस्ने उनीहरु समेतका व्यक्तिहरुले जनकपुर एरियामा अप्रिय घटना घटाउने योजना बनाउँदै छन् भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषा र वडा प्रहरी कार्यालय मुजेलियाबाट खटिएको प्रहरी टोलीले कोठा तलासी गर्दा उक्त हतियार बरामद भएको थियो ।

धनुषा, ३० साउन

कनकपट्टी-१ बस्ने २४ बर्षीय मनोज कुमार यादवलाई प्रहरीले नल कटुवा पेस्तोल १ थान सहित पक्राउ गरेको छ । प्रहरीले उनीसंगै सिरर्सिया-२ बस्ने १८ बर्षीय प्रेम कुमार राउत र कनकपट्टी-९ बस्ने २४ बर्षीय श्याम कुमार यादवलाई समेत पक्राउ गरेको छ । उनीहरुले सवैला नगरपालिका-१ घर भई कजरारमौल-१ मा औषधी पसल गरी बस्ने २६ बर्षीय उपेन्द्र यादवलाई कुटपिट गरेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय धनुषाधामबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएकोमा मनोज यादवको साथबाट गोली नभएको उक्त नल कटुवा पेस्तोल बरामद भएको थियो ।

काठमाडौं, १३ भदौ

काठमाडौं सामाखुसी गल्कोपाखा बस्ने सर्लाही लालबन्दीका २३ वर्षीय कुमार लामालाई म्यागिजनमा ४ राउण्ड गोली लोड भएको जर्मनी पेस्तोल १ थानसहित काठमाडौं महानगरपालिका-३५ स्थित तिनकुने चौरबाट प्रहरीले पक्राउ गरेको छ ।

जुम्ला, १६ भदौ

जुम्ला बुम्म्रा माडी चौर गाबिस-३ स्थित रोशन होटेलबाट प्रहरीले ५ जनालाई एसएमजी हतियार १ थान, सोको म्यागजीन १ थान तथा सोको गोली ७ राउण्ड र चाइनिज पेस्तोल १ थान, सोको म्यागजीन १ थान, गोली ३ राउण्ड सहित ५ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा गोर्ज्याङ्गकोट-२ बस्ने ३० बर्षीय धिर बहादुर परियार, धापा-६ बस्ने ३३ बर्षीय अशोक तिरुवा, मुगु जिमा- ३ बस्ने २५ बर्षीय गोबिन्द टमाटा, मुगु कोड-८ बस्ने ३१ बर्षीय दल बहादुर कार्की, जुम्ला मालिका ठाडा-४ बस्ने ३२ बर्षीय मन बहादुर बोहरा रहेका छन् ।

अंचल प्रहरी कार्यालय कर्णालीबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा उक्त होटल तलासी गर्दा परियारको झोलाबाट ICR57A.IPL1465 नम्वरको एमएमजी, 29046493 नम्वरको चाइनिज पेस्तोल,म्याग्जीन र गोलीहरु तथा तिरुवाको साथबाट नगद ७१ हजार ४ सय ७८ रुपैयाँ र टमाटाको साथबाट नगद १ हजार २ सय ५० रुपैया बरामद भएको थियो ।

## अपराध अनुसन्धान तालिम

### अपराध अनुसन्धान विद्यालयमा संचालन भएका तालिमहरु

**यस बिद्यालयमा संचालन भएका तालिमहरुको त्रैमासीक जाहेरी**

| भाग-७ अपराध नियन्त्रण तथा अनुसन्धान (Crime Control and Investigation) | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनीतिक लक्ष्य | कार्यनीति | सम्पादित क्रियाकलापहरु (बँदागत) | कार्यसम्पादन मिति | तोकिएको सीमा | कार्यान्वयन जोखिम | कैफियत |
| .१.२.अपराध अनुसन्धान क्षमता अभिवृद्धि गर्न व्यवसायिक प्रशिक्षणमा जोड दिने । | हाल सञ्चालन भएका उन्नत तालीमका अत्तरिक्त संचालन भईरहेका घटनास्थल अनुसन्धान तालीम, अनुसन्धानात्मक अन्तरवार्ता, सूचना संकलन तथा विश्लेषण र निग्रानी प्रति - निग्रानी जस्ता तालीमहरुलाई निरन्तरता दिने र नयाँ तालीमका रुपमा अपराध विश्लेषण तालीम कर्तव्य ज्यान अपराध अनुसन्धान तालीम Crime Pattern Analysis तालीम बैंकिङ्ग कसुर तथा आर्थिक अपराध अनुसन्धान तालीम संगठित अपराध अनुसन्धान तालीम आर्थिक अपराध अनुसन्धान तालीम साईबर अपराध अनुसन्धान तालीम समेतलाई वार्षिक क्यालेण्डरमा समावेश गरी प्रशिक्षण प्रदान गर्ने । | अपराध अनुसन्धान (सि.प्र.अ.) तालिम ७९ औं समूह | २०७३/०४/०९ | २०७३/०५/२१ | | २०७३ साउन देखि असोज महिना सम्मको त्रैमासिक जाहेरी |
| | | आर्थिक अपराध अनुसन्धान तालिम (सि.प्र.अ./जु.प्र.अ.) तेस्रो समूह | २०७३/०४/२६ | २०७३/०५/१७ | | |
| | | घटनास्थल अनुसन्धान सहायक (प्र.ह./प्र.ज.)तालिम तेस्रो समूह | २०७३/०५/१२ | २०७३/०६/११ | | |
| | | संगठित अपराध अनुसन्धान तालिम (सि.प्र.अ./जु.प्र.अ.) तेस्रो समूह | २०७३/०५/२२ | २०७३/५/३१ | | |
| | | Basic Intelligence Training १६ औं समूह | २०७३/०५/२६ | २०७३/०६/१७ | | |
| | | Advance Intelligence Training प्रथम समूह | २०७३/०५/२९ | २०७३/०६/०७ | | |

## सामुदायिक प्रहरी गतिविधि

सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिबिधिहरू

| सि.नं. | क्रियाकलाप | साउन | भाद्र | असोज |
|---|---|---|---|---|
| १ | अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धि क्रियाकलाप | ४०६ | ५०३ | ३१२ |
| २ | जनचेतना मुलक क्रियाकलाप | ३३५ | ३७१ | २४३ |
| ३ | सामाजिक क्रियाकलाप | १४८ | १८२ | १२५ |
| ४ | जनस्वास्थ्य तथा वातावरण सम्बन्धी | १२० | १८१ | १४५ |
| ५ | विविध | ११९ | १२२ | १०८ |
| ६ | लागुऔषध | ६८ | ७७ | ४८ |
| ७ | घरेलु तथा महिला हिंसा बिरूद् जनचेतनामूलक | ४२ | ३८ | ३२ |

प्रहरी मेरो साथी अन्तर्गत बिभिन्न विषयमा ३ महिनामा जम्मा ११०७ वटा कार्यक्रमहरू संचाल गरिएको।

यसका केहि झलकहरु




प्रहरी मेरो साथी
Police My Friend


प्रहरी मेरो साथी
Police My Friend
जिल्ला प्रहरी कार्यालय
दाङ







## अपराध तथ्याङ्क

२०७३ साउन

| प्रकृति | अपराध शिर्षक | पूर्वाञ्चल | मध्यामञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | खुन डाका | | | | | | | | |
| | कर्तव्य ज्यान | १७ | १० | ३ | | ११ | ७ | ८ | ५६ |
| | विष खुवाएर | | | | | | | | |
| | ज्यान मार्ने उध्योग | १८ | ८ | १३ | | ३ | ७ | २ | ५१ |
| | भवितव्य ज्यान | ७७ | ६२ | ५८ | | ७५ | ५९ | २४ | ३५५ |
| | फुटकर ज्यान | ७ | २१ | ७ | | ३२ | ९ | ११ | ८७ |
| | गौवध | | | | | १ | १ | | २ |
| | गर्भपतन | | १ | | | | १ | १ | ३ |
| | जम्मा | ११९ | १०२ | ८१ | | १२२ | ८४ | ४६ | ५५४ |
| आत्महत्या सम्बन्धी | बिष खाएर | २० | २९ | १५ | | २१ | २० | ९ | ११४ |
| | आगो लगाएर | १ | १ | | | | | | २ |
| | झूण्डिएर | ७७ | ६८ | २७ | | ७१ | ४६ | २५ | ३१४ |
| | हाम फालेर | १ | | १ | | १ | १ | १ | ५ |
| | करेण्ट लाएर | | | | | | | | |
| | हात हतियार औजारवाट | | | २ | | १ | १ | १ | ५ |
| | पानीमा हाम फालेर(डुवेर) | | | | | | | | |
| | जम्मा | ९९ | ९८ | ४५ | | ९४ | ६८ | ३६ | ४४० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| चोरी सम्बन्धी | डाका चोरी | | ३ | | | | ६ | | ९ |
| | रहजनी चोरी | | | | | | १ | | १ |
| | नकबजनी चोरी | १ | २ | ६ | | ५ | | | १४ |
| | जवरजस्ती चोरी | | | ३ | | १ | | | ४ |
| | साधारण चोरी | ४५ | २७ | ३१ | | ११ | ९ | ७ | १३० |
| | सवारी चोरी | | १ | ४ | | | २ | २ | ९ |
| | पुरातात्विक चोरी | | | | | | | | |
| | चौपाया चोरी | | | | | | | | |
| | जम्मा | ४६ | ३३ | ४४ | | १७ | १८ | ९ | १६७ |
| संगठीत तथा आर्थिक अपराध सम्बन्धी | जूवा | २ | ७ | ३ | | ४ | ७ | | २३ |
| | खोटा चलन | | | | | | | | |
| | ठगी | १४ | ५ | २० | २ | ५ | ७ | | ५३ |
| | लागू औषध | ५७ | ६० | २३ | | ८४ | २२ | ७ | २५३ |
| | कालो बजार | | ३ | १ | | | | | ४ |
| | प्राचिन स्मारक | | | | | | | | |
| | चंदा संकलन | | १ | | | | | | १ |
| | सरकारी छाप दस्तखत किर्ते | | १२ | ८ | ३ | १ | | | २४ |
| | राहदानी | | १ | | | | | | १ |
| | ब्यक्ति अपहरण | २ | १ | | | २ | | | ५ |
| | हातहतियार खरखजना | ६ | ३ | २ | | | ३ | २ | १६ |
| | प्रतिलिपी अधिकार उल्लंगन | | | | | | | | |
| | जम्मा | ८१ | ९३ | ५७ | ५ | ९६ | ३९ | ९ | ३८० |
| सामाजिक अपराध | केही सार्वजनिक अपराध | १९५ | २४१ | २३९ | | १२० | ६१ | १४ | ८७० |
| | नागरिकता सम्बन्धी | २ | ५ | १ | | | | | ८ |
| | कुटपिट अंगभंग | | | २ | | | | | २ |
| | राज्य विरुद्को अपराध | | | | | | | | |
| | धर्म परिवर्तन | | | | | | | | |
| | आवश्यक वस्तु संरक्षण ऐन | | | | | | | | |
| | आवश्यक सेवा संचालन ऐन | | | | | | | | |
| | जातीय भेदभाव तथा छुवाछूत | १ | १ | | | १ | | | ३ |
| | जम्मा | १९८ | २४७ | २४२ | | १२१ | ६१ | १४ | ८८३ |
| महिला तथा वालवालिका सम्बन्धी | मा.बे.बि. तथा ओसारपसार | ६ | | २१ | | ४ | ३ | ४ | ३८ |
| | बहु विवाह | १० | १२ | ७ | | ६ | ८ | २ | ४५ |
| | वाल विवाह | | १ | | | | | | १ |
| | जवरजस्ती करणी | २६ | १९ | १७ | | १२ | १७ | ४ | ९५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जवरजस्ती करणी उध्योग | १५ | ११ | ६ | | ९ | ९ | ६ | ५६ |
| | अप्राकृतिक मैथुन | १ | | | | १ | | | २ |
| | बोक्सीको आरोप | २ | | | | | १ | | ३ |
| | घरेलु हिंसा | | १ | | | १ | | | २ |
| | जम्मा | ६० | ४४ | ५१ | | ३३ | ३८ | १६ | २४२ |
| सवारी सम्बन्धी | सवारी ज्यान | २९ | ३५ | ९ | | २९ | १० | ५ | ११७ |
| | सवारी अंगभंग | ४ | २ | २ | | | १ | | ९ |
| | सवारी दुर्घटना | | | | | | | | |
| | सवारी वाट क्षती | | | | | | | | |
| | जम्मा | ३३ | ३७ | ११ | | २९ | ११ | ५ | १२६ |
| विविध | मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | | | | | | | | |
| | मा.बे.बि तथा जवरजस्ती करणी | | | | | | | | |
| | कुटपिट गरी गर्भ तुहाएको | | | | | | | | |
| | जिउदो वच्चा जन्माई फालेको | | | | | | | | |
| | आगलागी सम्बन्धी | | ३ | २ | | | १ | | ६ |
| | विष्फोटक पदार्थ | | | | | | | | |
| | बम विष्फोटन | | | | | | | | |
| | अपहरण तथा शरिर वन्धक | | | | | | | | |
| | अपहरण तथा जवरजस्ती करणी | | | | | | | | |
| | गोरुगाडाले किची मृत्यु | | | | | | | | |
| | अपहरण तथा शरिर वन्धक उध्योग | | १ | | | | | | १ |
| | संगठीत अपराध | | | | | | | | |
| | विधुतिय कसुर तथा साईवर अपराध | | | २ | | | १ | | ३ |
| | दुरसंचार कसुर, टेलिफोन तार चोरी | | | | ३ | | | | ३ |
| | वैंकिङ कसुर | | | ३ | ३ | | | | ६ |
| | परिक्षा तथा शिक्षा ऐन | | | | | | | | |
| | चौपायाको महल | | | | | | | | |
| | चिठ्ठा | | | | | | | | |
| | अन्य | १ | | १ | | | १ | | ३ |
| | जम्मा | १ | ४ | ८ | ६ | | ३ | | २२ |
| | कुल जम्मा | ६३७ | ६५८ | ५३९ | ११ | ५१२ | ३२२ | १३५ | २८१४ |

## २०७३ भदौ

| प्रकृति | अपराध शिर्षक | पूर्वाञ्चल | मध्यमाञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | खुन डाका | ० | ० | ० | | ० | ० | ० | ० |
| | कर्तव्य ज्यान | १६ | ११ | ४ | १ | ८ | १२ | २ | ५४ |
| | विष खुवाएर | ० | ० | ० | | ० | ० | ० | ० |
| | ज्यान मार्ने उध्योग | १५ | १६ | १५ | | १० | ७ | १ | ६४ |
| | भवितव्य ज्यान | ९३ | ६४ | ५० | | ७९ | ३६ | १५ | ३३७ |
| | फुटकर ज्यान | १० | १३ | ४ | | २८ | १५ | १० | ८० |
| | गौवध | ० | ० | १ | | १ | १ | ० | ३ |
| | गर्भपतन | २ | १ | ० | | ० | | ० | ३ |
| | जम्मा | १३६ | १०५ | ७४ | १ | १२६ | ७१ | २८ | ५४१ |
| आत्महत्या सम्बन्धी | बिष खाएर | १८ | ३२ | ७ | | १२ | २३ | १३ | १०५ |
| | आगो लगाएर | १ | ० | ० | | ० | ० | ० | १ |
| | झुण्डिएर | ८७ | ४५ | २६ | | ६६ | ३७ | २५ | २८६ |
| | हाम फालेर | १ | ३ | ० | | ४ | १ | ० | ९ |
| | करेण्ट लाएर | ० | ० | ० | | ० | ० | ० | ० |
| | हात हतियार औजारवाट | ० | १ | | | ० | ० | १ | २ |
| | पानीमा हाम फालेर(डुवेर) | १ | | ० | | | ० | ० | १ |
| | जम्मा | १०८ | ८१ | ३३ | | ८२ | ६१ | ३९ | ४०४ |
| चोरी सम्बन्धी | डाका चोरी | ३ | ० | ० | | ० | ५ | ० | ८ |
| | रहजनी चोरी | ० | १ | ० | | ० | ० | ० | १ |
| | नकबजनी चोरी | ० | ० | २ | | ३ | ५ | १ | ११ |
| | जवरजस्ती चोरी | ० | ० | ५ | | १ | ० | १ | ७ |
| | साधारण चोरी | ४२ | २६ | ३८ | | २३ | १० | ३ | १४२ |
| | सवारी चोरी | ० | १ | ० | | ० | ३ | ० | ४ |
| | पुरातात्विक चोरी | ० | ० | १ | | ० | ० | ० | १ |
| | चौपाया चोरी | ० | ० | ० | | ० | ० | ० | ० |
| | जम्मा | ४५ | २८ | ४६ | | २७ | २३ | ५ | १७४ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | जूवा | २ | ६ | ९ | | ७ | १ | २ | २७ |
| | खोटा चलन | ० | ० | ० | | ० | ० | ० | ० |
| | ठगी | ८ | २ | १६ | ४ | ५ | ० | २ | ३७ |
| | लागू औषध | ४६ | ५५ | ४३ | | ५६ | १४ | ९ | २२३ |
| | कालो बजार | २ | ५ | ० | | २ | ० | ० | ९ |
| | प्राचिन स्मारक | ० | ० | ० | | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चंदा संकलन | ० | ० | ० | | ० | ० | ० | ० |
| | सरकारी छाप दस्तखत किर्ते | ८ | १० | ७ | १ | ३ | ० | १ | ३० |
| | राहदानी | ० | ० | १ | | ० | ० | ० | १ |
| | ब्यक्ति अपहरण | १ | ० | ५ | | २ | १ | ० | ९ |
| | हातहतियार खरखजना | ५ | ३ | २ | | ५ | ८ | १ | २४ |
| | प्रतिलिपी अधिकार उल्लंगन | ० | ० | १ | | ० | ० | ० | १ |
| | जम्मा | ७२ | ८१ | ८४ | ५ | ८० | २४ | १५ | ३६१ |
| सामजिक अपराध | केही सार्वजनिक अपराध | २५१ | २२४ | ३१३ | | ११९ | ६५ | १६ | ९८८ |
| | नागरिकता सम्बन्धी | २ | ३ | ० | | ० | २ | ० | ७ |
| | कुटपिट अंगभंग | २ | ४ | १ | | ० | ० | ० | ७ |
| | राज्य विरुद्दको अपराध | ० | ० | ० | | ० | ० | ० | ० |
| | धर्म परिवर्तन | ० | ० | ० | | ० | ० | ० | ० |
| | आवश्यक वस्तु संरक्षण ऐन | ० | ० | ० | | ० | ० | ० | ० |
| | आवश्यक सेवा संचालन ऐन | ० | ० | ० | | ० | ० | ० | ० |
| | जातीय भेदभाव तथा छुवाछूत | १ | ० | ० | | ० | १ | ० | २ |
| | जम्मा | २५६ | २३१ | ३१४ | | ११९ | ६८ | १६ | १००४ |
| महिला तथा बालबालिका सम्बन्धी | मा.बे.बि. तथा ओसारपसार | ४ | ६ | ५ | ६ | २ | ३ | १ | २७ |
| | बहु विवाह | १३ | ७ | १० | | ५ | ५ | ३ | ४३ |
| | वाल विवाह | १ | १ | ० | | ० | १ | १ | ४ |
| | जवरजस्ती करणी | ३२ | २० | १० | | ११ | २३ | ७ | १०३ |
| | जवरजस्ती करणी उध्योग | १० | ७ | २ | | १४ | ११ | ६ | ५० |
| | अप्राकृतिक मैथुन | १ | ० | ० | | ० | १ | १ | ३ |
| | बोक्सीको आरोप | १ | ० | ० | | ० | १ | ० | २ |
| | घरेलु हिंसा | ० | ० | ० | | ० | ० | ० | ० |
| | जम्मा | ६२ | ४१ | २७ | ६ | ३२ | ४५ | १९ | २३२ |
| सवारी सम्बन्धी | सवारी ज्यान | २६ | ३४ | ११ | | ३४ | ९ | ७ | १२१ |
| | सवारी अंगभंग | १ | १ | ४ | | १ | ० | ० | ७ |
| | सवारी दुर्घटना | ० | ० | ० | | ० | ० | ० | ० |
| | सवारी वाट क्षती | ० | ० | ० | | ० | ० | ० | ० |
| | जम्मा | २७ | ३५ | १५ | | ३५ | ९ | ७ | १२८ |
| विविध | मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | ० | ० | ० | | ० | ० | ० | ० |
| | मा.बे.बि तथा जवरजस्ती करणी | ० | ० | ० | | ० | ० | ० | ० |
| | कुटपिट गरी गर्भ तुहाएको | ० | ० | ० | | ० | ० | ० | ० |
| | जिउदो वच्चा जन्माई फालेको | ० | ० | ० | | ० | ० | ० | ० |
| | आगलागी सम्बन्धी | १ | १ | ० | | १ | ० | ० | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विष्फोटक पदार्थ | ० | १ | ० | | ० | १ | ० | २ |
| | बम विष्फोटन | ० | ० | ० | | ० | ० | ० | ० |
| | अपहरण तथा जवरजस्ती करणी | १ | ० | ० | | ० | १ | ० | २ |
| | गोरुगाडाले किची मृत्यु | ० | ० | ० | | ० | ० | ० | ० |
| | अपहरण तथा शरिर वन्धक उध्योग | ० | २ | ० | | १ | ० | ० | ३ |
| | संगठीत अपराध | ० | ० | ० | | ० | ० | ० | ० |
| | विधुतिय कसुर तथा साईवर अपराध | ० | ० | ५ | | ० | ० | ० | ५ |
| | दुरसंचार कसुर, टेलिफोन तार चोरी | ० | ० | १ | | ० | ० | ० | १ |
| | वैंकिङ कसुर | ० | १ | ० | १ | ० | ० | ० | २ |
| | परिक्षा तथा शिक्षा ऐन | ० | ० | ० | | ० | ० | ० | ० |
| | चौपायाको महल | ० | ० | ० | | ० | ० | ० | ० |
| | चिठ्ठा | ० | ० | ० | | ० | ० | ० | ० |
| | अन्य | ० | ३ | ० | | २ | १ | ० | ६ |
| | जम्मा | २ | ८ | ६ | १ | ४ | ३ | ० | २४ |
| | **कुल जम्मा** | ७०८ | ६१० | ५९९ | १३ | ५०५ | ३०४ | १२९ | २८६८ |

## २०७३ असोज

| प्रकृति | अपराध शिर्षक | पूर्वाञ्चल | मध्यमाञ्चल | उपत्यका | ब्युरो | पश्चिमाञ्चल | म.प.क्षे. | सु.प. क्षे. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | खुन डाका | ० | ० | ० | | ० | ० | ० | ० |
| | कर्तव्य ज्यान | १२ | १२ | ६ | | १० | ९ | ५ | ५४ |
| | विष खुवाएर | ० | ० | ० | | ० | ० | ० | ० |
| | ज्यान मार्ने उध्योग | १६ | १० | ७ | | ६ | १० | १ | ५० |
| | भवितव्य ज्यान | ९० | ६३ | ३७ | | ५१ | ३१ | २४ | २९६ |
| | फुटकर ज्यान | ८ | २२ | २ | | २२ | ९ | ७ | ७० |
| | गौवध | २ | ० | ० | | ० | ० | २ | ४ |
| | गर्भपतन | ० | १ | ० | | ० | १ | ० | २ |
| | जम्मा | १२८ | १०८ | ५२ | | ८९ | ६० | ३९ | ४७६ |
| आत्महत्या सम्बन्धी | बिष खाएर | ११ | ३० | १८ | | १० | १४ | १३ | ९६ |
| | आगो लगाएर | २ | ० | १ | | २ | ० | ० | ५ |
| | झुण्डिएर | ६२ | ५८ | २३ | | ५४ | ४४ | २३ | २६४ |
| | हाम फालेर | ० | ० | १ | | ३ | ० | ० | ४ |
| | करेण्ट लाएर | ० | ० | ० | | ० | ० | ० | ० |
| | हात हतियार औजारवाट | ० | १ | ० | | ० | ० | १ | २ |
| | पानीमा हाम फालेर(डुवेर) | ० | ० | ० | | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ७५ | ८९ | ४३ | | ६९ | ५८ | ३७ | ३७१ |
| चोरी सम्बन्धी | डाका चोरी | ० | ० | १ | | ३ | ० | ० | ४ |
| | रहजनी चोरी | १ | १ | ० | | ० | ० | ० | २ |
| | नकबजनी चोरी | ० | २ | ३ | | ५ | ३ | १ | १४ |
| | जवरजस्ती चोरी | ० | ० | ३ | | १० | १ | ० | १४ |
| | साधारण चोरी | ४१ | २२ | १५ | | २० | ११ | २ | १११ |
| | सवारी चोरी | १ | २ | ३ | | ० | ० | ० | ६ |
| | पुरातात्विक चोरी | ० | ० | ० | | ० | ० | ० | ० |
| | चौपाया चोरी | १ | ० | ० | | ० | ० | ० | १ |
| | जम्मा | ४४ | २७ | २५ | | ३८ | १५ | ३ | १५२ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | जूवा | ४ | ७ | ४ | | ४ | ६ | ० | २५ |
| | खोटा चलन | १ | ० | १ | | ० | १ | १ | ४ |
| | ठगी | ४ | ४ | ७ | | २ | ७ | ० | २४ |
| | लागू औषध | ३७ | ४८ | ४६ | | ५९ | १२ | ५ | २०७ |
| | कालो बजार | ० | १ | ० | | ० | ० | ० | १ |
| | प्राचिन स्मारक | ० | ० | ० | | ० | ० | ० | ० |
| | चंदा संकलन | ० | ० | ३ | | ० | ० | ० | ३ |
| | सरकारी छाप दस्तखत किर्ते | ५ | ४ | १ | | २ | ० | १ | १३ |
| | राहदानी | ० | ० | ० | | ० | ० | ० | ० |
| | ब्यक्ति अपहरण | ० | १ | २ | | १ | ० | ० | ४ |
| | हातहतियार खरखजना | ५ | ४ | २ | | २ | १ | ३ | १७ |
| | प्रतिलिपी अधिकार उल्लंघन | ० | ० | ० | | ० | ० | ० | ० |
| | जम्मा | ५६ | ६९ | ६६ | | ७० | २७ | १० | २९८ |
| सामाजिक अपराध | केही सार्वजनिक अपराध | १६७ | २०० | २११ | | ८९ | ६६ | १८ | ७५१ |
| | नागरिकता सम्बन्धी | २ | १ | ० | | १ | ० | ० | ४ |
| | कुटपिट अंगभंग | ३ | १ | १ | | १ | ० | ० | ६ |
| | राज्य विरुद्दको अपराध | ० | ० | ० | | ० | ० | ० | ० |
| | धर्म परिवर्तन | ० | ० | ० | | ० | ० | ० | ० |
| | आवश्यक वस्तु संरक्षण ऐन | ० | ० | ० | | ० | ० | ० | ० |
| | आवश्यक सेवा संचालन ऐन | ० | ० | ० | | ० | ० | ० | ० |
| | जातीय भेदभाव तथा छुवाछूत | ० | ० | ० | | ० | ० | १ | १ |
| | जम्मा | १७२ | २०२ | २१२ | | ९१ | ६६ | १९ | ७६२ |
| [illegible] | मा.बे.बि. तथा | १ | ५ | ० | | १ | १ | १ | ९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ओसारपसार | | | | | | | | |
| | बहु विवाह | ९ | १० | ४ | | २ | ६ | ० | ३१ |
| | वाल विवाह | ० | ० | ० | | ० | ० | ० | ० |
| | जवरजस्ती करणी | ३१ | १३ | ९ | | २१ | १६ | ५ | ९५ |
| | जवरजस्ती करणी उध्योग | १९ | १२ | ४ | | ५ | ६ | ० | ४६ |
| | अप्राकृतिक मैथुन | ० | ० | १ | | ० | ० | ० | १ |
| | बोक्सीको आरोप | १ | २ | ० | | ० | ० | ० | ३ |
| | घरेलु हिंसा | ० | ० | ० | | १ | ० | ० | १ |
| | **जम्मा** | ६१ | ४२ | १८ | | ३० | २९ | ६ | १८६ |
| सवारी सम्बन्धी | सवारी ज्यान | ३५ | ५२ | १२ | | ४५ | २१ | १२ | १७७ |
| | सवारी अंगभंग | ४ | ० | १ | | २ | १ | ० | ८ |
| | सवारी दुर्घटना | ० | ० | ० | | ० | ० | ० | ० |
| | सवारी वाट क्षती | ० | ० | ० | | ० | ० | ० | ० |
| | **जम्मा** | ३९ | ५२ | १३ | | ४७ | २२ | १२ | १८५ |
| विविध | मा.बे.बि. तथा मानव अंग प्रत्यारोपण | ० | ० | ० | | ० | ० | ० | ० |
| | मा.बे.बि तथा जवरजस्ती करणी | ० | ० | ० | | ० | ० | ० | ० |
| | कुटपिट गरी गर्भ तुहाएको | ० | ० | ० | | ० | ० | ० | ० |
| | जिउदो वच्चा जन्माई फालेको | ० | ० | ० | | ० | ० | ० | ० |
| | आगलागी सम्बन्धी | ० | ० | ० | | ० | ० | ० | ० |
| | विष्फोटक पदार्थ | ० | ० | २ | | ० | ० | ० | २ |
| | बम विष्फोटन | ० | ० | ० | | ० | ० | ० | ० |
| | अपहरण तथा जवरजस्ती करणी | ० | १ | ० | | ० | ० | ० | १ |
| | गोरुगाडाले किची मृत्यु | ० | ० | ० | | ० | ० | ० | ० |
| | अपहरण तथा शरिर वन्धक उध्योग | ० | १ | ० | | ० | ० | ० | १ |
| | संगठीत अपराध | ० | ० | ० | | ० | ० | ० | ० |
| | विधुतिय कसुर तथा साईवर अपराध | ० | ० | १ | | ० | ० | ० | १ |
| | दुरसंचार कसुर, टेलिफोन तार चोरी | ० | ० | ० | | ० | १ | ० | १ |
| | वैंकिङ कसुर | ० | १ | ० | | ० | ० | ० | १ |
| | परिक्षा तथा शिक्षा ऐन | ० | ० | ० | | १ | ० | ० | १ |
| | चौपायाको महल | ० | ० | ० | | ० | ० | ० | ० |
| | चिठ्ठा | ० | ० | ० | | ० | ० | ० | ० |
| | अन्य | १ | २ | २ | | ० | ० | ० | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १ | ५ | ५ | | १ | १ | ० | १३ |
| कुल जम्मा | ५७६ | ५९४ | ४३४ | | ४३५ | २७८ | १२६ | २४४३ |

## जनचेतना मूलक सन्देश

INTERPOL ले कर्त्तव्य ज्यान,जबरजस्ती करणी,मानव बेचबिखन तथा ओसारकसार, आतंकवाद, लागू औषध, सांगठनिक अपराध, बैदेशिक रोजगार सम्बन्धि ठगी,साईबर अपराध जस्ता जघन्य प्रकृतिका फौजदारी अपराध गरी अभियुक्त वा कैदि नेपाल सरहद बाहिर फरार भएमा वा लुकिछिपि बसेमा त्यस्ता फरार अभियुक्त वा कैदीहरुको विरुद्धमा आवश्यकता अनुसार Notice वा Diffusion जारी गरी त्यस्ता अभियुक्तहरुलाई पक्राउ गरी नेपाल फर्काउने सम्बन्धमा सम्बन्धित राष्ट्रसंग समन्वय गर्ने काम पनि गर्दछ । यसका लागि INTERPOL ले निम्न बमोजिमका ८ प्रकारका Notice र Diffusion जारी गर्दछ ।

- Red Notice : वारेन्ट जारी भएका फरार अभियुक्तहरुको खोजिका लागि जारी गरिने नोटिस हो ।
- Blue Notice : अपराधीहरुको पूर्व अपराधिक गतिविधि बारे जानकारी प्राप्त गर्न सकिन्छ ।
- Green Notice : कुनै एक स्थानमा एकपटक अपराध गरी पुन: अन्य स्थानमा त्यस्तै प्रकृतिका अपराध दोहोर्याउन सक्ने खतरनाक अपराधीहरुको बारेमा पूर्व जानकारी गराउन जारी गरिने चेतावनी मुलक नोटिस Green Notice हो ।
- Black Notice: सनाखत नभएका मृत मानव लासको पहिचानको लागि जारी गरिने नोटिस हो ।
- Yellow Notice: हराएको ब्यक्तिको अन्तराष्ट्रिय स्तरमा खोजि कार्यको लागि जारी गरिने नोटिस नै Yellow Notice हो
- Orange Notice : लुकाएका हतियार, विष्फोटक पदार्थ तथा खतराजन्य चिजबस्तुबाट हुन सक्ने सम्भावित खतराको बारेमा जानकारी गराउन जारी गरिने नोटिस Orange Notice हो।
- Purple Notice : अपराधिले अपराध गर्न प्रयोग गरेका चिजवस्तु, लुकाएको स्थान तथा अपराधिक कार्यविधि (Modus Operandi)  को बारेमा जानकारी जानकारी गर्न गराउन जारी गरिने नोटिस purple Notice हो ।
- The INTERPOL_United Nations Security Council Special Notice: अन्तराष्ट्रिय आतंककारी संगठन Al-Qaida का सदस्यहरुको विश्वव्यापी खोजिका लागि INTERPOL र UN ले संयुक्त रुपमा जारी गर्ने नोटिस ।

- Diffusion: वारेन्ट जारी नभएका तथा अनुसन्धान कै क्रममा रहेका फरार अभियुक्तहरुको खोजिका लागि जारी गरिने परिपत्र नै Diffusion हो ।

- यसका साथै हालै सम्पन्न इन्टरपोलको ८४ औं महासभाले अपराधिक कार्यवाट प्राप्त सम्पत्तिको पहिचान तथा बरामद गर्ने प्रयोजनार्थ Silver Notice जारी गर्न सकिने गरी Silver Notice को प्रक्रिया शुरु गरेको छ ।

**धन्यबाद**